## कोषको लगनखेलस्थित अफिस कम सपिङ्ग कम्प्लेक्स भवनका पसल एकाइहरु भाडामा दिने सम्बन्धी

## सिलबन्दी बोलपत्र आह्वान

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२२)

१. कोषको ललितपुर जिल्ला ललितपुर म. न.पा. वडा नं. ५ लगनखेलस्थित अफिस कम सपिङ्ग कम्प्लेक्स भवनमा रहेका देहायबमोजिमका पसल एकाइहरु भाडामा लिन इच्छुक व्यक्ति वा फर्म/कम्पनीका लागि रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

| | पसल नं. | क्षेत्रफल (वर्ग फिट) | न्युनतम मासिक (भाडा रकम रु.) | बोलपत्र जमानत (रकम रु.) |
|---|---|---|---|---|
| भुई तल्ला | १० | ४४ | ६,६००/- | ६,६००/- |
| | १३ | ९४ | १३,१६०/- | १३,१६०/- |
| पहिलो तला | ११३ | ९० | १०,८०० /- | १०,८०० /- |
| | ११४ | ९१ | १०,९२० /- | १०,९२० /- |
| | ११६ | १०५ | १२,६०० /- | १२,६०० /- |
| | ११९ | १११५ | १,३३,८००/- | १,३३,८००/- |
| | १२० | ११३५ | १,३६,२०० /- | १,३६,२०० /- |
| दोस्रो तला | २१२,२१६,२१७,२१८ ए, २१८ बि | ५१४ | ४६,२६०/- | ४६,२६०/- |
| चौथो तल्ला | | ३०६० | २,२९,५००/- | २,२९,५००/- |
| | ए टि एम लञ्ज | ५ युनिट | प्रति युनिट २२२२२.२२ | |

२. इच्छुक व्यक्ति वा फर्म/कम्पनीले कर्मचारी सञ्चय कोषको पूल्चोकस्थित नेपाल ईन्भेष्टमेण्ट मेगा बैङ्क लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ मा रू. १,०००/-(अक्षरेपि एक हजार रुपैयाँ मात्र) (फिर्ता नहुने गरी) बुझाएको सक्कल प्रति भौचर र लिखित निवेदन पेस गरी यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) औं दिन अर्थात् मिति २०८३/०५/२० गते कार्यालय समयभित्र कर्मचारी सञ्चय कोष, सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक र लगनखेलस्थित भवन व्यवस्थापन एकाइबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

३. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३१(एकतिस) औं दिन अर्थात् मिति २०८३/०५/२१ गते १२:१५ बजे भित्र कर्मचारी सञ्चय कोष, पुल्चोकमा बुझाई सक्नु पर्ने छ । तोकिएको मिति र समयपश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन ।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१(एकतिस)औं दिन अर्थात् मिति २०८३/०५/२१ गते दिनको १ बजे बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहबरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा खोलिने छ । साथै बोलपत्रदाता / प्रतिनिधि अनुपस्थित भए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र जमानत रकमको विवरण बोलपत्र आवेदन फारममा उल्लेख गरिएको छ । सोअनुसारको जमानत रकम पूल्चोकस्थित नेपाल ईन्भेष्टमेण्ट मेगा बैङ्क लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ मा सम्बन्धित बोलपत्रदाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै बाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा १२०(एक सय बीस दिन) दिन म्याद कायम रहेको सर्तरहितको सञ्चय कोषको नाममा रहेको बैङ्क ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनु पर्ने छ ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छन् ।

७. एक जना बोलपत्रदाताले कुनै १(एक) पसल एकाइ वा सो भन्दा बढीमा २(दुई) वटासम्म पसल कोठा आफ्नो इच्छाअनुसार बोलपत्र पेस गर्न सक्ने छ। यसका लागि अलग अलग बोलपत्र खरिद गर्न आवश्यक पर्ने छैन।

८. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त पसलको स्थलगत अवलोकन गर्न चाहेमा कोषमा सम्पर्क गरी कार्यालय समयमा अवलोकन गर्न सक्ने छन्।

९. बोलपत्रदाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने/आंशिक स्वीकृत गर्ने जस्ता सम्पूर्ण अधिकार कोषमा निहित रहने छ।

१०. बोलपत्रको खाम बाहिर "**कोषको लगनखेलस्थित भवनको पसल एकाइ भाडामा लिने सम्बन्धी बोलपत्र**" भनी प्रष्ट लेखी बोलपत्र जमानत साथै आवश्यक कागजातहरु समेत संलग्न गरी सिलबन्दी गरी प्राविधिक र वित्तीय प्रस्ताव छुट्टाछुट्टै भरी रीतपूर्वक कोषमा बुझाउनु पर्ने छ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न गरिएको छ। थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभाग वा लगनखेलस्थित भवन व्यवस्थापन एकाइमा सम्पर्क गर्न सकिने छ।

कर्मचारी सञ्चय कोष
सम्पत्ति व्यवस्थापन विभाग
पुल्चोक, ललितपुर।
**फोन नं.-०१५०१०००९ , ०१५४४५८४९**
**इमेल : rental.asset@epf.org.np**